नेपाल सरकार

# गृह मन्त्रालय

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्या :-

प्राप्त पत्र संख्या र मिति :-

च. नं. :-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः- २०७०।६।२२

विषय :-

## प्रेस विज्ञप्ति

संविधानसभा सदस्य निर्वाचन, २०७० लाई स्वतन्त्र, निष्पक्ष एवं शान्तिपूर्ण रुपमा सम्पन्न गर्न तयार गरिएको संविधानसभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजना सम्बन्धमा मध्यपश्चिमाञ्चल विकास क्षेत्रका क्षेत्रीय तथा जिल्लास्तरका सुरक्षा अधिकारीहरुलाई विस्तृत रुपमा जानकारी गराउन तथा सो अनुरुप तर्जुमा गरिएका क्षेत्रीय निर्वाचन सुरक्षा योजना तथा जिल्ला निर्वाचन सुरक्षा योजनाको विश्लेषण र मूल्यांकन गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउने उद्देश्यले गृह मन्त्रालयद्वारा मिति २०७०।६।२२ गते नेपालगञ्जमा संविधानसभा सदस्य निर्वाचन सुरक्षा सम्बन्धमा एक दिवसीय क्षेत्रीय सुरक्षा गोष्ठी सम्पन्न गरिएको छ ।

माननीय गृहमन्त्री श्री माधवप्रसाद घिमिरेको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त गोष्ठीमा संविधानसभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजना, क्षेत्रीय निर्वाचन सुरक्षा योजना र जिल्ला निर्वाचन सुरक्षा योजनाका बारेमा क्षेत्रगत तथा जिल्लागत प्रस्तुतिकरण र विश्लेषण गरिएको थियो ।

गोष्ठीका अवसरमा माननीय गृहमन्त्री श्री माधवप्रसाद घिमिरेले संविधानसभा सदस्य निर्वाचनमा संविधानसभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजनाले मार्गदर्शन गरे अनुरुप मतदानस्थलको सुरक्षा चुनौतिहरुलाई ध्यानमा राखी प्रत्येक मतदानस्थलको निरीक्षण गरी सुरक्षा जोखिमको समेत विश्लेषण गरी मतदानस्थल केन्द्रित निर्वाचन सुरक्षा योजना बनाउन र सबै सुरक्षा निकायहरु समन्वयात्मक रुपमा परिचालित भई कार्य गर्न निर्देशन दिनुभयो । साथै उक्त अवसरमा क्षेत्रीय तथा जिल्लास्तरका सुरक्षा निकायका प्रमुखहरुले आपसमा समन्वय गरी सुरक्षा योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्न तथा आफ्नो कर्तव्यपथमा अविचलित भएर दृढताका साथ लाग्न निर्देशन दिनु भयो । निर्देशनको क्रममा अहिले उम्मेद्वारहरुको सुरक्षा व्यवस्थालाई प्राथमिकता दिन र निर्वाचनको समयमा शान्ति सुरक्षाको भरपर्दो व्यवस्था मिलाउन पनि माननीय मन्त्रीज्यूले निर्देशन दिनु भयो । वर्तमान सरकार निष्पक्ष, व्यावसायिक र तटस्थ सरकार हो त्यसैले सम्पूर्ण राष्ट्रसेवकहरुले तटस्थ, निष्पक्ष र व्यावसायिक क्षमता प्रदर्शन गरी कानूनलाई पालना गर्दै संविधान सभा सदस्य निर्वाचनलाई सफल पार्न समेत निर्देशन दिनुभयो ।

गोष्ठीमा माननीय निर्वाचन आयुक्त डा. रामभक्त पी.बी. ठाकुर, गृह सचिव जनार्दन नेपाल, रक्षा सचिव आत्माराम पाण्डे, क्षेत्रीय प्रशासक इन्द्र प्रसाद उपाध्याय, नेपाली सेनाका बलाधिकृत रथी नेत्रबहादुर थापा, प्रहरी महानिरीक्षक कुवेरसिंह राना, सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्त, मुख्य अनुसन्धान निर्देशक मोतीबहादुर गुरुङ्ले संविधानसभा सदस्य निर्वाचनका समयमा भरपर्दो सुरक्षा व्यवस्था मिलाउन मातहत निकायहरुलाई आवश्यक निर्देशन दिनु भएको थियो ।

(शंकरप्रसाद कोइराला)
प्रवक्ता

Handy Scanner for Android